# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ भक्तपुर, बैशाख २९ गते, २०८० साल संख्या ९


## भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेर्‍हौं नगर सभा २०७९ बाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि

## भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण तथा संचालन सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावनाः

भक्तपुर नगरपालिका क्षेत्र भित्र व्यावसायिक बहुउद्देश्यीय भवन निर्माण गर्नका लागि श्रोत संकलन, परिचालन र बृहत् सहभागिता समेत जुटाई व्यावसायिक प्रबर्द्धन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ५ बमोजिम भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ बनाई लागू गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१. यस कार्यविधिको नाम भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण तथा संचालन सम्बन्धी कार्यविधि, २०७९” रहेको छ ।

१.२. यो कार्यविधि भक्तपुर नगरपालिका, नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२.१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “नगरपालिका” भन्नाले भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ख) “संस्था” भन्नाले बहुउद्देश्यीय व्यावसायिक भवन निर्माणको लागि वित्तीय लगानी गर्ने भक्तपुर नगरपालिकाभित्रका सहकारी संस्थाहरु सम्झनु पर्दछ ।

ग) “खाता” भन्नाले यस कार्यविधिको बुंदा नं. ५.२. बमोजिमको खाता सम्झनु पर्दछ ।

घ) “कार्यालय” भन्नाले यस कार्यविधिको बुंदा नं. ५.३. बमोजिम स्थापित कार्यालय सम्झनु पर्दछ ।

ङ) “निर्देशक समिति” भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

च) “निर्माण तथा संचालन समिति” भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्दछ । यस समितिलाई छोटकरीमा संचालन समिति भनिनेछ ।

३. निर्देशक समितिः

३.१. बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण तथा संचालन गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहने छ ।

क) भक्तपुर नगरपालिकाको प्रमुख –संयोजक

ख) भक्तपुर नगरपालिकाको उपप्रमुख – सदस्य

ग) भ.न.पा. आर्थिक समितिका संयोजक – सदस्य

घ) बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण तथा संचालन हुने सम्बन्धित वडाका वडाअध्यक्ष – सदस्य

ङ) भक्तपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

च) बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण तथा संचालनमा वित्तीय सहभागिता जनाउने सहकारीहरु मध्येबाट एक सहकारी एक प्रतिनिधित्वको आधारमा ३ जना – सदस्य

४. निर्माण तथा संचालन समितिः

४.१. निर्देशक समितिबाट भएका निर्णयहरु व्यवस्थित रुपमा कार्यान्वयनको लागि देहाय बमोजिम निर्माण तथा संचालन समिति रहनेछ ।

क) भ.न.पा. आर्थिक समितिका संयोजक वा निजले तोकेको व्यक्ति – अध्यक्ष

ख) भक्तपुर नगरपालिकाका वडाध्यक्ष मध्येबाट २ जना – सदस्य

ग) बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण तथा संचालनमा वित्तीय सहभागिता जनाउने सहकारीहरु मध्येबाट एक सहकारी एक प्रतिनिधित्व आधारमा एक महिला सहित ३ जना (निर्देशक समितिमा रहेका प्रतिनिधि नदोहोरिने गरी) – सदस्य

घ) भक्तपुर नगरपालिका, सहकारी शाखाको प्रमुख – सदस्य सचिव

५. बहुउद्देश्यीय भवन निर्माणको लागि रकम व्यवस्थाः

५.१. भवन निर्माणको लागि आवश्यक पर्ने रकम देहाय बमोजिम व्यवस्था गरिनेछ ।

क) भक्तपुर नगरपालिकाको तर्फबाट भवन निर्माणका लागि आवश्यक कूल लगत अनुमान रकमको – ५१ प्रतिशत

ख) सहकारी संस्थाहरुबाट भवन निर्माणका लागि आवश्यक कूल लगत अनुमान रकमको – ४९ प्रतिशत

ग) निर्माण हुने बहुउद्देश्यीय व्यावसायिक भवनको परिसरमा सार्वजनिक उपयोगका लागि उपयोगी संरचना निर्माणमा इच्छुक दाताहरुबाट शसर्त प्राप्त हुने रकम समेत परिचालन गर्न सकिनेछ ।

५.२. उपदफा १ बमोजिमको रकम छुट्टै खातामा जम्मा गरिनेछ र सो खाता संचालन नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

५.३. बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण तथा संचालन समितिको एउटा छुट्टै कार्यालय हुनेछ । सो कार्यालयका लागि आवश्यक कर्मचारी र निजहरुको कार्य विवरण र सेवा शर्त निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

६. बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण र संचालनका शर्तहरुः

६.१. बहुउद्देश्यीय व्यावसायिक भवन निर्माणका लागि आवश्यक जग्गा भक्तपुर नगरपालिकाले उपलब्ध गराउने छ ।

६.२. बहुउद्देश्यीय व्यावसायिक भवन निर्माणको लागि आवश्यक पूँजी माथि बुंदा नं. ५ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

६.३. निर्माण गरिने भवनको डिजाइन र लगत अनुमान निर्देशक समितिबाट स्वीकृत भै नियमानुसार नक्सा पास भएपछि मात्र निर्माण गरिनेछ ।

६.४. निर्माण गरिने भवनका लागि निर्देशक समितिको निर्णयानुसार अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सकिनेछ ।

६.५. भवन निर्माण पूरा भएपछि वा भवन निर्माण हुँदैको अवस्थामा उक्त भवनबाट प्राप्त हुने प्रतिफल लगानीको अनुपातमा बांडफांड गरिनेछ ।

६.६. निर्मित बहुउद्देश्यीय भवनबाट प्राप्त हुने प्रतिफल उक्त भवन निर्माण सम्पन्न भएको मितिले २० वर्षसम्म माथि बुंदा नं. ६.५ बमोजिम बांडफांड गरिनेछ ।

६.७. बहुउद्देश्यीय भवन निर्माण सम्पन्न भएको मितिले २० वर्ष पछि सो भवन र भवनबाट आउने प्रतिफल स्वतः नगरपालिकाको हुनेछ ।

६.८. बहुउद्देश्यीय भवन निर्माण तथा संचालनका क्रममा उक्त भवनको आम्दानी खर्च तथा कारोवारको नियमानुसार लेखा परीक्षण गराइने छ ।

६.९. लेखा परीक्षण प्रतिवेदन सहित उक्त भवनको निर्देशक समितिले प्रत्येक वर्ष साधारणसभा गरी लेखा परीक्षण प्रतिवेदन अनुमोदन गराउनु पर्नेछ ।

७. बाधा अड्काउ फुकाउ : बहुउद्देश्यीय भवन निर्माण तथा संचालन सम्बन्धमा बाधा अड्काउ पर्न गएमा निर्देशक समितिले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. यस कार्यविधिमा उल्लेखित कुराहरुमा दुविधा भएमा निर्देशक समितिको व्याख्या र निर्णय अन्तिम हुनेछ ।

आज्ञाले
(राम गोविन्द श्रेष्ठ)
नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९।११।०९ गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८